| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी, सम्बन्धित स्थानीय तह | संयोजक |
| सम्बन्धित स्थानीय तहको कृषि/पशु सेवा शाखाको प्रमुख | सदस्य |
| सम्बन्धित स्थानीय तहको कृषि/पशु सेवा शाखाको प्रमुख | सदस्य सचिव |

(ग) प्राविधिक समितिले परियोजना कार्यान्वयन इकाई र जिल्लास्थित कृषि/पशु सेवा हेर्ने कार्यालयका प्रमुख वा प्रतिनिधिलाई समितिमा आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ।

(घ) प्राविधिक समितिले देहायको आधारहरुमा अध्ययन गरी पकेट क्षेत्र निर्धारण सम्बन्धी प्रतिवेदन तयार गर्नेछ:-

(अ) अनुसूची-१ बमोजिमका राष्ट्रिय महत्वका बाली/वस्तु

(आ) जिल्लामा सञ्चालित जोन वा सुपरजोन अन्तर्गतका बालीमा कम्तिमा ५० प्रतिशत पकेट छनौट हुनुपर्ने

(इ) स्थानीय स्तरमा रोजगारी सृजना र उत्पादन वृद्धि गर्न सक्ने बाली/वस्तु

(ई) आयात प्रतिस्थापन/आत्मनिर्भरतामा सहयोग पुर्‍याउने बाली/वस्तु

(उ) सिँचाइ, सडक र सेवा प्रदायक संस्था लगायतका आवश्यक पूर्वाधार भएको

(ऊ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको/हुनसक्ने वा एउटै गाउँ/बस्ती/क्लष्टर।

(ङ) अनुसूची-८ बमोजिमको मापदण्डहरुको आधारमा मूल्याङ्कन गरी प्राविधिक समितिले दिएको प्रतिवेदन बमोजिम स्थानीय तहले बाली/वस्तु विशेषको पकेट क्षेत्र निर्धारण गरी पकेट विकास कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिनेछ।

(च) सम्बन्धित स्थानीय तहबाट छनौट भएको पकेट क्षेत्र बाली/वस्तु, क्षेत्रफल लगायतका विवरण परियोजना कार्यान्वयन इकाईमार्फत परियोजना व्यवस्थापन इकाईमा पेश गर्नुपर्नेछ।

(छ) सम्बन्धित स्थानीय तहमा आगामी आ.व. मा सञ्चालन हुने नयाँ पकेट विकास कार्यक्रम सञ्चालनको लागि प्रत्येक आ.व. को कार्तिक महिनाभित्र परियोजना कार्यान्वयन इकाईमार्फत प्रस्तावित पकेट क्षेत्र एवं बालीको विवरण परियोजना व्यवस्थापन इकाईमा पेश गर्नुपर्नेछ।

### ४.१.९ पकेट विकास कार्यक्रम सञ्चालन प्रक्रिया

### ४.१.९.१ कार्यक्रमको लक्षित समुदाय/वर्ग छनौट

(क) स्थानीय तहले सार्वजनिक सूचना प्रकाशन गरी तोकिएको पकेट क्षेत्रका देहायका मध्येबाट इच्छुक लक्षित समुदाय/वर्गलाई पकेट कार्यक्रममा सहभागी हुन अनुसूची-९ बमोजिमको ढाँचामा आवेदन आह्वान गर्नेछ:-

(अ) स्थानीय तह वा अन्य सरकारी निकायमा नियमानुसार दर्ता भएका कृषक समूह

(आ) कृषि कार्य गर्ने उद्देश्य सहित प्रचलित कानून बमोजिम दर्ता भएका सहकारीहरु

(इ) नियमानुसार दर्ता भएका जल/वन उपभोक्ता समितिहरु

(ई) कानुन बमोजिम दर्ता भएका कृषि फर्म वा कम्पनीहरु

(ख) पकेट कार्यक्रममा सहभागी हुन इच्छुक लक्षित समुदाय/वर्गले स्थानीय तहले तोकेको बाली/वस्तुमा आधारित रही अनुसूची-१० बमोजिम तोकिएको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ।

(ग) पकेट कार्यक्रममा सहभागिताका लागि प्राप्त आवेदनहरुको अनुसूची-११ बमोजिमको मूल्याङ्कनको आधारहरुमा प्राविधिक समितिले मूल्याङ्कन गर्नेछ। मूल्याङ्कनको आधारहरुलाई समितिले आवश्यकता अनुसार विस्तृतीकरण समेत गर्न सक्नेछ।

(घ) प्राविधिक समितिले आवश्यकता अनुसार स्थलगत प्रमाणीकरण गर्न सक्नेछ।

